bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY
वर्ष ४२ अंक १४५ | २०८० असोज ०२ गते मंगलबार, नेपाल सम्वत् ११४३ September 19, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-

**धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं**
एक-अर्काको धर्मसँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



## हरितालिका (तीज) को गीत गाउँदै

भाद्र शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका (तीज) पर्वका अवसरमा सोमबार दमौली स्थित अनसन चौतारीमा गीतको माध्यमबाट परम्परागत तीजको स्मरण गराउँदै स्थानीय वृद्धाहरू ।

बढ्दो आधुनिकता तथा विविध कारणले तीज पर्वका दिन सुनसान जस्तै बनेको थियो दमौली बजार । सोमबार साँझ पख केही वृद्धाहरू चौतारीमा भेला भई सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने वरदान पाएको सन्दर्भ गीत मार्फत प्रस्तुत गरी परम्परागत तीजको झल्को दिएका थिए । गीतमा वरदानविपरीत पार्वतीका पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाएको गीत मार्फत प्रस्तुत गरेका थिए ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रूपमा प्राप्त गरिन् । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत रहेको वृद्धाहरूले पनि सो गीतमा प्रस्तुत गरेका थिए ।

बाँकी तेश्रो पेजमा

## कुरूप बन्दै कालीगण्डकी : संकटमा 'जल' सभ्यता

**ध्रुवसागर शर्मा**/म्याग्दी

नदी तटीय क्षेत्रलाई मानव सभ्यताको उद्गम स्थल मानिन्छ। नदीहरूमध्ये पनि धार्मिक र आर्थिक दृष्टिले समेत अत्यन्त महत्वपूर्ण मानिएको शालिग्राम शिला पाइने संसारकै एकमात्र नदी कालीगण्डकीको संसारभरी महत्व रहेको छ । यति महत्वपूर्ण मानिएको कालीगण्डकी नदीको अस्तित्व नासिँदै जाँदा यो नदीसँग जोडिएको 'जल' सभ्यता पनि संकटमा पर्दै जान थालेको छ। मानवीय लापर्बाही, नदीको दोहन र प्राकृतिक प्रकोपका कारण कालीगण्डकी कुरूप बन्दै गएको हो ।

कालीगण्डकीको महत्व विभिन्न धार्किक ग्रन्थहरूमा उल्लेख गरिएको छ । सबैभन्दा पुरानो मानिएको ऋग्बेदका अनुसार 'ऋषि त्रिशिरा त्वाष्टू देवता आपो देवता, गायत्री आपो हि ष्ठा मयोभुवस्ता न ऊर्जे दधातन । महे रणाय चक्षसे । अर्थात् हे जलदेवता ! तिमी सुखका मूल स्रोत हौ, हामीलाई पराक्रमले युक्त उत्तम कर्म गर्नका लागि पोषक रस प्रदान गर ।' यस मन्त्रमा जललाई पराक्रम, उत्तम कर्म र सुखका लागि पोषण प्रदान गर्ने भनिएको छ। यसरी कालीगण्डकीको जलसँग सभ्यता जोडिएको छ ।

त्यसैगरी ऋग्वेदको अर्को ऋचामा 'यो वः शिवतमो रसस्तस्य भाजयते नः । उशतीरिव मातरः । अर्थात् हे जलदेवता ! हामीलाई अत्यन्त पोषक रस सेवन गर्न देऊ, आमाले आफ्ना दुधले बच्चालाई पोषण दिएझैं हामीलाई तिमी पोषित गर।' यहाँ जल र मानिसको सम्बन्ध आमा तथा बच्चाको जस्तो भएको भनिएको छ। जलसँगै आमाको महत्त्व दिइएको छ ।

कालीगण्डकी केवल पानीले निकास खोज्दै उँधोतिर बगेको नदीमात्र होइन, यो सिङ्गो पूर्वीय सभ्यता र संस्कृतिको महत्वपूर्ण धरोहर हो भन्ने कुरा विर्सदा कालीगण्डकीको सभ्यता संकटमा पर्दैगएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । राजा भरतले तपस्या गरेको पवित्र भूमि र भगवान् विष्णुका पाउले कुल्चिएको पावन भूमिमा बगेको कालीगण्डकी हजारौं वर्षको मानव चेतनासँग गहिरोसँग अन्योन्याश्रित सम्बन्ध रहेको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।



पछिल्लो समय गैरकानुनी रूपमा कालीगण्डकीको दोहन बढिरहेको र अतिक्रमण गरेर आफूखुसी प्रयोग भइरहेको प्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो । विश्वकै एकमात्र शालिग्राम पाइने नदीका रूपमा यसको बेग्लै पहिचान बनेको छ। हिन्दूहरूको शव कालीको किनारमा दाहसंस्कार गर्दा मृत्युपछि राम्रो हुने जनविश्वास अहिले पनि रहेको क्षेत्र विकास कोषका अध्यक्ष रेग्मीको भनाइ छ।

कालीगण्डकीको महिमा यतिमै मात्र सीमित रहदैन । कालीगण्डकी शालिग्राम पाइने पवित्र नदी मात्र नभएर पशु, पंक्षी, किट, पतङ्गदेखि लिएर मानव जातीलाई समेत सेवा पुऱ्याएको प्राकृतिक सेवक पनि भएको पण्डित भीमनाथ पराजुलीले बताउनुभयो । "कालीगण्डकीको धार्मिक महत्व त अवर्णनीय छ नै, यसको जैविक, सांस्कृतिक र मानवीय दैनिकीसँग गाँसिएको महत्त्व पनि कम छैन", पण्डित पराजुलीले भन्नुभयो ।

त्यसैगरी राष्ट्रकवि स्व माधवप्रसाद घिमिरेले पनि कालीगण्डकी शालिग्राम कुद्ने विश्वकै एकमात्र नदी भएको उल्लेख गर्दै लेख्नुभएको छ,

*"माछापुच्छ्रे गिरी शिखरको*
*पारमा मुक्तिक्षेत्र*
*बल्छन् बत्ती झलमल जहाँ*
*भुलभुले मुलभित्र*
*तिम्रो जन्मस्थल छ पहिलो*
*ज्योतिको दिव्यधाम*
*काली गङ्गा भनन कसरी*
*कुद्दछ्यौं सालिग्राम ?"*

शालिग्राम कुद्ने विशिष्ट बरदान पाएको पवित्र नदी कालीगण्डकीको भौतिक अस्तित्वमाथि विकासका नाउँमा मानवीय प्रहार हुन थालेपछि पवित्र नदी कालीगण्डकीको सभ्यता र अस्तित्व दुवै संकटमा परेको कालीगण्डकी बचाउ अभियानका अभियानकर्मी सागरजीवि उपाध्यायले बताउनुभयो ।

ऋकवेदमा 'ईशाना वार्याणां क्षयन्तीयार्षणीनाम् अपो याचामि भेषजम् अर्थात् जल प्रवाह मानिसको इच्छित पदार्थको स्वामी र सम्पूर्ण प्राणीको आश्रयदाता हो। हामी जलबाट औषधिमा जीवनरसको कामना गर्दछौं' भनिएको छ । यसले पनि जल सभ्यता के हो भनेर बुझ्न सकिने पं पराजुलीले बताउनुभयो ।

पं पराजुलीले भन्नुभयो, "नदी मानवजातिको सभ्यता र विकासको आधार हो, मानवसभ्यताको विकास नदी किनारमा नै बढी भएको छ, नदीहरु जलस्रोत हुन्, जीवनका लागि र जीवनपछि पनि जलको महत्व रहेको छ, नदी/जल हाम्रा धार्मिक, आध्यात्मिक, सांस्कृतिक, आर्थिक उन्नतिका आधार हुन्, हाम्रो स्वास्थ्य र दिनचर्या जल–पानीमा आधारित छ, आर्थिक समृद्धिका लागि जल र जलसँग सम्बन्धित उद्यम, उपक्रममा अझ जोड दिन आवश्यक छ।" ती सबै नदीहरूमध्ये कालीगण्डकी नदीको विशिष्ट महत्व रहेको उहाँको भनाइ छ ।

कालीगण्डकीको मुक्तिनाथदेखि देवघाटसम्मको क्षेत्र अत्यन्त पावन क्षेत्र मानिन्छ । यसबाट हजारौं हेक्टर भूमि सिञ्चित भएको छ । कालीलाई थुनेर ठाउँठाउँमा विद्युत् ऊर्जा निकालिएको छ । नेपालकै सबैभन्दा ठूलो भनेर चिनिने कालीगण्डकी हाइड्रोपावर पनि यसै नदीमा रहेको छ । पछिल्लो समय कालीगण्डकी तिनाउ बहुउद्देश्यीय डाइभर्सन आयोजनाका कारण कालीगण्डकी चर्चामा छ । बुटवल, भैरहवा, रूपन्देही, कपिलवस्तु लगायतका क्षेत्रमा कालीगण्डकीको पानी पुऱ्याएर सिँचाइ, जलविद्युत् र अन्य प्रयोजनका लागि लाभान्वित गर्ने बृहत् उद्देश्यका साथ डिजाइन गरिएको राष्ट्रिय आयोजनाका रूपमा यस आयोजनालाई लिइएको छ । रासस

## लागूऔषध दुर्व्यसन तथा क्षति न्यूनिकरण अभिमुखिकरण

**भञ्ज्याङ समाचारदाता**/आँवु

तनहुँको आँवुखैरेनीमा लागू औषध दुर्व्यसन तथा क्षति न्यूनिकरण तथा एचआईभी/एड्स विषयक अभिमुखिकरण गरिएको छ । कम्युनिटि सपोर्ट ग्रुप तनहुँले पालिकाका प्रहरी, कर्मचारी तथा प्रमुख सामुदायिक सरोकारवाला निकायलाई लक्षित गरी उक्त कार्यक्रम गरेको हो ।

कार्यक्रममा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले पालिकालाई दुर्व्यसन रहित बनाउन सबै सरोकारवाला निकायसंग सहकार्य गरी अगाडि बढ्ने बताए । उनले अहिलेका नयाँपुस्ता लागु औषधको कुलतमा फस्ने क्रम बढ्दै गएकाले सचेतना मुलक कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए ।



कम्युनिटि सपोर्ट ग्रुप तनहुँका संयोजक जितेन्द्र खत्रीले तनहुँमा सुइद्वारा लागुऔसध प्रयोगकर्ताहरूको स्थिति, जोखिम, क्षति न्युनिकरण, पुनःस्थापना, समुदायस्तरमा एचआईभी परीक्षण जस्ता प्रक्रियामा सर्पोट ग्रुपको बिगत ५ बर्षदेखि सक्रिय भुमिका खेल्दै आएको बताए ।

पिस हेवन रिहाबलीटेसन बरादिका निर्देशक रबिन्द्र श्रेष्ठले आँबुखैरनीमा अत्याधिक मात्रामा दुर्व्यसनिको संख्या बढेको, दुर्व्यसनिमा देखिएका हेपाटाइटिसज, एचआईभी, याब्सिस जस्ता रोगको संक्रमण फैलिन थालेपछि आबासीय रूपमा उपचार, पुनःजीवन तथा पुनःस्थापना, निःशुल्क परामर्शका कार्यक्रम सञ्चालन गरिएको जानकारी गराए ।

गोरखा, लमजुङ, तनहुँका दुर्व्यसनिहरूलाई पुनःस्थापना केन्द्रले आवासीय रूपमा उपचार गर्दै आएको छ । निम्न वर्गीय समुदायमा उच्च जोखिम, अपराधलाई कम गर्न गाउँपालिकाको सहयोगमा सहकार्य गरेर निकट भविष्यमा दुर्व्यसन रहित गाउँपालिका बनाउने लक्ष्यका साथ केन्द्रले काम गर्दै आएको बताइएको छ ।

इलाका प्रहरी कार्यालय

बाँकी तेश्रो पेजमा

## सम्पादकीय .........

www.bhanjyangnews.com

# राजमार्गमा ढिलासुस्ती

गण्डकी प्रदेशको लाइफलाइनको रूपमा लिइन् पृथ्वीराजमार्गको अहिले स्तरोन्नती कार्य भइरहेको छ । सन् १९७४ मा चीन सरकारको सहयोगमा राजमार्गको नौबिसे–पोखरा १७४ किमी लम्बाइको सडक खण्ड निर्माण गरिएको थियो । एक लेन मात्र निर्माण गरिएको सडक आर्थिक वर्ष २०४९/०५० मा दुई लेनमा विस्तार गरिएको थियो । मुग्लिनबाट करिब १६ किमीसम्म दुई लेन र त्यहाँबाट पोखरासम्म 'इन्टरमिडियट लेन' विस्तार गरिएकोमा दुई वर्षदेखि राजमार्गको मुग्लिन–पोखरा खण्ड चार लेनमा विस्तार कार्य अगाडि बढाइएको छ । सडक विस्तार अर्थात स्तरोन्नती कार्य सुरू गरिएको करिब दुई वर्ष बितेको छ । यो अवधिमा जुन रूपमा कामको प्रगति हुनुपथ्र्यो त्यो सन्तोषजनक देखिएको छैन । राजमार्गको आँवुखैरेनी–पोखरा खण्डलाई दुई खण्डमा विभाजन गरी ठक्का सम्झौत गरी काम अगाडि बढाइएको छ । राजमार्गको पूर्वीखण्ड आँवुखैरेनी–जामुनेको करिब ४० प्रतिशत र पश्चिम खण्डको जामुने–पोखरा खण्ड करिब १५ प्रतिशतको हाराहारिमा काम भएको छ । सडक विस्तारको जुन रूपमा गति लिनुपर्थ्यो त्यो हुन सकेको छैन। सडक चार लेनमा विस्तार गरिने भएपनि बजारमा थप दुई लेन 'सर्भिस लेन' निर्माण गरिदै छ । मादी नदीमा चार लेनको नयाँ पुल बनाइनुका साथै आँवुखैरेनी–पोखरासम्म साना ठूला गरी करिब ३१ वटा मोटरेवल पुल निर्माण गरिदै छ । ८० दशमलव ३३ किलोमिटर लम्बाइको सडकको स्तरोन्नतिका लागि २०७६/०७७ मा सुरू गरी आव २०८५/०८६ सम्म सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको छ । ठेक्का अङ्कअनुसार योजनाको लागत १३ दशमलव ६२ अर्ब छ । मुग्लिन–पोखरा सडक योजना (पूर्वी खण्ड) अर्थात आँबुखैरेनीबाट–जामुने भज्याङसम्मको निर्माणको ठेक्का चाइना कम्युनिकेशन कम्पनी लिमिटेडलाई दिइएको छ । सो ठेक्काको सम्झौता विसं २०७८ वैशाख २ गते भएको थियो । कूल ४१ दशमलव ४५ किमीमध्ये एक दशमलव ५२ किमी सहरी क्षेत्र र गैर सहरी क्षेत्रमा ३९ दशमलव ९३ किमी छ ।

ठेक्कामा तीन वर्ष निर्माण, एक वर्ष मर्मत र त्यसपछि पाँच वर्ष सम्भारको अवधि गरी जम्मा नौ वर्षसम्म कम्पनीसँग सम्झौता गरिएको छ । पहिलो ठेक्कामा १४१ स्ल्याब कल्भर्ट, २५ बक्स कल्भर्टको काम भएको छ । सो खण्डमा २४ माइनर ( साना) पुल र तीन ठूला पुल निर्माण गरिने छ । यस्तै, पश्चिम खण्ड (जामुने भज्याङदेखि पोखरा पृथ्वीचोकसम्म) निर्माणको ठेक्का चिनियाँ कम्पनी 'एनहुई केयुयन हाइवे एण्ड ब्रिज' कम्पनी लिमिटेडलाई वि.सं २०७८ जेठ ३ गते दिइएको थियो । जम्मा ३८ दशमलव ८८ किमीमध्ये १८ दशमलव ५९ किमी सहरी क्षेत्र र २० दशमलव २९ किमी गैर सहरी क्षेत्र छ । यो ठेक्कामा पनि निर्माण, मर्मत र सम्भार गरी नौ वर्ष समय छ । यो खण्डमा ७८ स्ल्याब कल्भर्ट, ३५ बक्स कल्भर्ट र साना र ठूला पुल निर्माण गरिने छ । अपेक्षा गरिएकोभन्दा न्यून प्रगति हुँदा यात्रुले जोखिमपूर्ण यात्रा गर्दै आएका छन् । कोभिड संक्रमण तथा आवश्यक दक्षजनशक्ति र उपकरण समयमा व्यवस्थापन नहुँदा यो खण्डको काम सुस्त गतिमा भएको बताइन्छ । निर्माणस्थलमा विद्युत् प्राधिकरणको प्रशारण लाइन र वितरण लाइन दुबै छ । विद्युतीय संरचनाको स्थानान्तरण कार्यले पनि पूर्णता पाउन सकेको छैन । त्यस्तै, खानेपानीको संरचना हटाउन पनि समस्या रहेको योजनाले जनाएको छ । राजमार्गको जुन रूपमा कामको प्रगति हुनुपर्थ्यो त्यो नहुँदा राजमार्गको यात्रा जोखिमपूर्ण बन्दै गएको छ । सहज रूपमा यातायातका साधान सञ्चालन नहुँदा गण्डकी प्रदेशको पर्यटन व्यवसायमा समेत असर देखिन थालेको छ । निर्माण पक्ष र सरोकारवाला निकायले यो राजमार्गको स्तरोन्नतीको कार्यलाई द्रुत गतिमा सञ्चालन गरी तोकिएकै समयमा सम्पन्न गर्न आवश्यक पहल गर्न आवश्यक छ ।

# संविधान संशोधनतिर भन्दा यसको प्रभावकारी कार्यान्वयनमा लाग्नुपर्छ : प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे

ताप्लेजुङको सिँकैचामा जन्मनुभएका प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे नेपालको वाम–लोकतान्त्रिक आन्दोलामा लामो समयदेखि संलग्न व्यक्तित्व हुनुहुन्छ । विसं २०७९ को निर्वाचनमा नेकपा (एमाले)का तर्फबाट झापा क्षेत्र नं २ बाट निर्वाचित घिमिरे नेपालको संविधान कार्यान्वयनका क्रममा अघि बढेकाले यसको प्रभावकारी कार्यान्वयनबाट नै आम जनताको जीवनमा परिवर्तन आउने धारणा राख्नुहुन्छ । संविधान दिवस, २०८० को पूर्वसन्ध्यामा सभामुख घिमिरेसँग राससका समाचारदाताद्वय प्रकाश सिलवाल र कालिका खड्काले गरेको कुराकानीको सम्पादित विवरण :

**नेपालको संविधान जारी भएको आठ वर्ष व्यतित भएको छ । संविधानको कार्यान्वयनको हालसम्मको अवस्थालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

हामीले २०७२ सालमा नेपालको संविधान जुन जारी गरेको छौं, यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान वस्तुगतरूपमा जनताका चाहना र भावना बोकेर आएको छ । हामीले संविधानलाई यस अवधिमा कार्यान्वयन गरिरहेका छौं । कार्यान्वयनका सकारात्मक र नकारात्मक असर देखापरिरहेका छन् । संविधानले जनताको जीवनमा प्रभाव पारिरहेका छन् ।

**संविधानका कारण जनताले अधिकार पाए भन्नेमा त विवाद भएन तर जनताको जीवनमा प्रभावको कुरा गर्दा, उसको व्यक्तिगत जीवनमा प्रत्यक्षतः यो लाभ पायो ठोसरूपमा भन्नुपर्दा के भन्न सकिन्छ ?**

मेरो विचारमा जनताले तुलनात्मक ढंगबाट सबै कुराहरु पाएका छन् । सबै भन्नाले आधारभूत कुरामा राज्यले दायित्व निर्वाह गरेको हुनुपर्छ भन्ने कुरा संविधानमा स्पष्ट व्यवस्था गरिएको छ । नागरिकको घर नजिकै स्थानीय सरकार छ। त्यहाँबाट कति मात्रामा जनताले पायो ? कति पाइरहेको छ भन्ने बेग्लै कुरा हो तर उसले जनताले अधिकार पाएको छ । तीन तहका सरकारले दायित्व पाएको छ । जस्तो शिक्षाको कुरा गरौँ, स्थानीय तहले कहाँ–कस्तो विद्यालय बनाउने, जीवनोपयोगी शिक्षा नीति कस्तो बनाउने ? पाठ्यक्रम कस्तो बनाउने भन्ने सवालमा उसले आफ्ना नीति र योजना लागू गर्न सक्छ । अधिकार प्रत्यायोजन र व्यवस्थापनका कुराहरु भएको छ । आफ्नो गाउँ वा नगरलाई कसरी विकास गर्ने भन्ने सवालमा स्थानीय सरकार स्वायत्त र जिम्मेवार भएको छ । जनतालाई महसुस दिलाउने काम स्थानीय तहको हो । आर्थिक, सामाजिक र सांस्कृतिक हिसाबले जनताको जीवनमा परिवर्तन गराउने काम डेलिभरी गराउने निकायको काम हो । बजेट बनाउने, खर्चको बाँडफाँट र सेवा वितरणमा हरेक स्थानीय सरकारले आफ्नो मौलिकता प्रदर्शन गर्न सक्छ । यो संविधानको देन हो भन्ने मलाई लाग्छ ।



प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे

सन्दर्भ : संविधान दिवस

**संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा जति हुनुपर्ने हो, त्यति प्रभावकारिता नआएको पनि देखिन्छ नि?**

हामीले संविधान जारी गरेर कार्यान्वयनमा लगेको धेरै लामो भएको छैन । एक कार्य अवधिको निर्वाचन सकेर अर्को कार्य अवधिको निर्वाचन भर्खरै भएको छ । ऐन, कानुन र नियमावाली बनाउने सवालमा सुरूमा काम हुँदै आयो । पहिलो कार्यकालका पाँच वर्ष कानुन निर्माण र प्रदेशका संरचना निर्माणमा बित्यो । अब विकास निर्माण र प्रभावकारिता वृद्धि गर्दै जनताको जीवन र व्यवहारमा परिवर्तन गराउने क्रममा काम गर्नुपर्नेछ । खासगरी समन्वय भएन भन्ने कुरा आधारभूत तहका जनताले भन्दा पनि बौद्धिक तहका मानिसबाट आएको छ । केही काम तदर्थका रूपमा सञ्चालन भएका पनि छन्। यसलाई केही हदसम्म स्वीकारेर प्रभावकारिता बढाउनुपर्छ ।

**संविधानको कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणमा विगतमा र अहिलेको सदनमा पनि ढिलाइ भइरहेको छ, यसको कारण के होला ?**

संघीय कानुन बनाउने संघीय संसद्ले हो । गत कार्यकालको संसद् पूर्णतः सञ्चालन हुन सकेन । त्यहाँ तानातान र हानाहानको स्थिति भयो । विरोध र बहिष्कारको स्थिति भयो । जरूरी कानुन बनाउने र बहस छलफल गर्ने काममा सोचेजस्तो सफलता हासिल भएन । राजनीतिक अस्थिरता भयो । कानुन बनाउने थलो कहिले विघटन भयो, कहिले पुनःस्थापित भयो । यसले गर्दा केही अलमल र ढिलाइ भयो । अब अहिलेको सदनमा आवश्यक कानुन ल्याउन सरकार र राजनीतिक दलले चासो दिनुपर्ने हुन्छ । संसद्, समितिहरु र संसद् सचिवालय आवश्यक सहजीकरण गर्न तयार छ ।

**सदनमा अवरोध र आरोप–प्रत्यारोपका घटना बढेको देखिन्छ । यसलाई न्यूनीकरण गर्न सभामुखको थप भूमिका कसरी प्रदर्शन हुनसक्छ ?**

राजनीतिक दलहरूबीचको जिम्मेवारी बोध र उनीहरूले देशप्रतिको समझदारी कसरी बढाउँछन् भन्नेमा यो कुरा भर पर्छ । संसदीय प्रणालीमा सदनलाई प्रभावकारी बनाउन राजनीतिक दलहरूकै भूमिका हुन्छ । सभामुखको पनि भूमिका हुन्छ । सभामुखले निष्पक्ष र तटस्थ भएर समन्वय र सहयोगी भूमिका खेल्ने हो । संसद्ले बनाएका कानुनको कार्यान्वयन र अनुगमन गर्ने काममा सांसद् र सम्बन्धित समितिहरु लाग्नुपर्ने हुन्छ । दलीय प्रणालीमा संसद्लाई प्रभावकारी तरिकाले लैजानका लागि राजनीतिक पार्टीहरु बीचको समझदारी महत्त्वपूर्ण हुन्छ । त्यो जिम्मेवारी पूरा गर्न सकेमा सरकार र संसद् जिम्मेवार ढंगबाट चल्छ। संसद्लाई ऐन, कानुन बनाउन दिएको जिम्मेवारी पूरा गर्नुपर्ने जरूरी हुन्छ । संसद्ले बनाएका कानुनको कार्यान्वयनका लागि समय लाग्छ । त्यसका लागि संसद् र सांसदले भूमिका खेल्नुपर्छ ।

**अन्तर्राष्ट्रिय अभ्यासका आधारमा हेर्दा पनि विधायकले विधि निर्माण गर्ने हो तर यहाँ सांसदहरु मन्त्रालयका मन्त्री र कर्मचारीका कार्यकक्षमा योजना र बजेटका फाइल बोकेर धाइरहेका हुन्छन् । के यो सही भूमिका हो र ?**

यसलाई नेपालको परिप्रेक्ष्यमा हेर्नुपर्छ जस्तो लाग्छ मलाई । लामो समयसम्म राणाहरूको हुकुमी शासन र त्यसपछि पञ्चायती शासन व्यहोरेर आएको मुलुक हो हाम्रो । प्रजातन्त्र आइसकेपछि पनि राजाको निरङ्कुशता भोगेर आएका हौं । बहुदलीय व्यवस्था आएपछि पनि राजालाई शिरमा राखेर बहुदलीय प्रणालीलाई मानेर अघि बढेको अवधि हो । एउटा अवधिलाई हामीले निकै ठूलो अन्योल, आतङ्क र अस्थिरता भोगेर आएका छौं । अहिले पछिल्लो आठ वर्ष संघीयता कार्यान्वयन गर्ने चरणमा छौं । प्रणाली क्रमशः विकास हुँदैछ । कार्यान्वयन गर्ने एकाइहरु विस्तार अघि बढ्दै छन् । वास्तवमा सांसदको भूमिका कानुन बनाउने नै हो तर उसका प्रति जनताका अपेक्षा स्वभाविकरूपमा हुने भएकाले सरकारका योजना र बजेटमा पनि चासो दिनुपर्ने स्थिति छ । तर बजेट बनाउने र कार्यान्वयन गर्ने काम सरकारका सम्बन्धित निकायकै हो । काम प्रभावकारी भएन भने घच्घच्याउने त राजनीतिक दल र सांसदले पनि गर्न सक्छन्।

**न्यायपालिका र व्यवस्थापिकाको सम्बन्ध शक्ति सन्तुलनको सिद्धान्त अनुरूप हुनुपर्ने हो । पछिल्ला केही घटना हेर्दा असन्तुलन भएको जस्तो देखिन्छ नि?**

संविधानले स्पष्टरूपमा राज्यका तीन अंगलाई स्वायत्तता दिएको छ । कसले कहाँ–कहाँ के–के गर्ने भन्ने तोकिएको छ । त्यसमा मिलेन भने हस्तक्षेप दिने वा न्याय निरूपण गर्नुपर्ने कुरा हुन्छन् । त्यसमा व्यवहारमा केही समस्या देखापरेका छन् । राजनीतिकमा अस्थिरता, अन्योल र अराजकता बढेपछि यस्ता कुरामा चलखेल हुने गरेको छ तर यो सुरूआती चरणमा देखिएको सवालका रूपमा लिनुपर्छ । कार्यान्वयनका क्रममा संविधानको व्यवस्थाअनुरूप स्पष्टता हुँदै

बाँकी तेश्रो पेजमा

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २१२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल | : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६३१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्ने समय छ। मानसम्मानमा बाधा पुग्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
नाम, दाम र इनाम कमाउने बेला छ । पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
परिस्थितिको चक्रमा अलमलिनुपर्दा काममा समय लाग्नेछ । अस्वस्थता र कमजोरी अनुभूति हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
कामको मेसो नमिल्दा केही पछि परिएला । कानुनी प्रावधानले पनि लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
छोटो समयमै उचित प्रतिफल पाइनेछ । स्रोत–साधन जुट्नाले उद्योग र व्यापारमा फाइदा हुनेछ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले काम दोहोर्याउनुपर्ला। बेसुरको व्यवहारले समस्या निम्त्याउनेछ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । चुनौती पन्छाउँदै काम बनाउन सकिनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
विभिन्न अवसर आउनाले मन प्रसन्न रहनेछ । शुभचिन्तकहरूबाट सहयोग तथा हौसला मिल्नेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
शरीरमा कमजोरी अनुभूति हुनेछ। दौडधुप गर्दा पनि परिस्थितिवश काम अधुरो रहला ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
प्रतीक्षित नतिजाले काममा उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
लक्ष्यअनुसार समयमै काम सम्पादन गर्न सकिनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

# मुन्दुम पदमार्गमा पर्यटन सूचना केन्द्र स्थापना

**रासस/भोजपुर**

नेपालको सय गन्तव्यभित्र पर्न सफल मुन्दुम पदमार्गमा पर्यटन सूचना केन्द्र स्थापना गरिएको छ। यहाँ आउने पयर्टकलाई पदमार्गका बारेमा आवश्यक जानकारी दिन चखेवामा पर्यटन सूचना केन्द्र तयार हुन लागेको हो ।

टेम्केमैयुङ गाउँपालिका र कोशी प्रदेश सरकारको साझेदारीमा सूचना केन्द्र निर्माण भइरहेको छ। पहिलो चरणमा गत आर्थिक वर्षमा कोशी प्रदेश सरकारको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत साझेदारीमा करिब रू ७२ लाख लागतमा सूचना केन्द्र निर्माण वर्षभित्र निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याउने लक्ष्य रहेको जनाइएको छ । दोस्रो चरणको कामका लागि केही समयपछि बोलपत्र आह्वान गरेर काम सुरु गरिने प्रशासकीय अधिकृत न्यौपानेले बताउनुभयो । "पदमार्गमा आउने पर्यटकको अभिलेखसँगै आवश्यक सूचना दिनका लागि एउटा सूचना केन्द्रको आवश्यकता रहेको छ", उहाँले भन्नुभयो, "त्यही भएर यहाँ सूचना केन्द्रको निर्माण गरेका हौँ। कामलाई अन्तिम चरणमा पुऱ्याएका छौँ । यो आर्थिक वर्षभित्र पूर्णरूपमा सम्पन्न गरेर सञ्चालनमा ल्याउने लक्ष्य छ ।"

टेम्केमैयुङ गाउँपालिका पदयात्रा गर्न सकिने भएकाले मुन्दुम पदमार्गमा पर्यटकको संख्या बढेको उपाध्यक्ष राईले बताउनुभयो । त्यस्तै पदमार्गको आसपासमा निर्माण भएका किराँतहरूको संस्कार, संस्कृति झल्काउने विभिन्न संरचना, ठूला-ठूला घाँसेमैदान, स्थानीय गोठवालाले पालेका चौँरी, भेडीगोठलगायतले यात्रा गर्ने पर्यटकलाई आनन्दित बनाउने उहाँको भनाइ छ ।

"यो नेपाल सकारको घुम्नैपर्ने सय गन्तव्यभित्र पर्न सफल पर्यटकीयस्थल हो", उहाँले भन्नुभयो, "यो क्षेत्रमा पदयात्रा गर्न स्वदेश तथा विदेशबाट पर्यटक आइरहेका छन् । यो क्षेत्रमा आउने पर्यटकलाई पदमार्गको नामकरण किराँत राईहरूको 'मुन्दुम' संस्कारबाट राखिएको छ ।

करिव ६२ किलोमिटर निर्माण सम्पन्न पदमार्गमा २१ वटा विश्रामस्थल, २३ वटा खानेपानी धारा, ५७ वटा ढुङ्गे चौतारा निर्माण गरिएको जनाइएको छ । त्यस्तै किरात राईको संस्कृति झल्कने (चिण्डो आकार)का १५ वटा पोखरी निर्माण गरिएको छ । यहाँको पर्यटनलाई माथि उकास्न र विदेशी पर्यटकको प्रमुख गन्तव्यका रूपमा टुरिजम हब बनाउने लक्ष्यका साथ काम भइरहेको गाउँपालिकाले जनाएको छ ।



पर्यटकीय हिसाबले पैदलयात्रा गर्ने पर्यटकका लागि 'अल्पाइन जोन' सन्तुलित हावापानी भएको यो पदमार्ग उपयुक्त भएको र लेक लाग्ने समस्या नहुने पर्यटनसँग सम्बन्धित विज्ञहरूको भनाइ छ । प्राकृतिक सुन्दरताले मनमोहक दृश्यावलोकन गर्न, हावापानीको हिसाबले हिमालमा जस्तो ठण्डा र तराई जस्तो गर्मी नहुने सन्तुलित हावापानी रहेकाले यो क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको गाउँपालिकाको भनाइ छ । आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन र पर्यटनलाई व्यवसायीकरण गर्न यो पदमार्गले सहयोग पुऱ्याउने गाउँपालिकाले जनाएको छ ।

सूचना केन्द्रलाई यो आर्थिक भइरहेको छ । यस आवमा पनि प्रदेशका ६५ प्रतिशत र गाउँपालिकाको ३५ प्रतिशत लागतमा भवनलाई पूर्णता दिइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्दीप न्यौपानेले जानकारी दिनुभयो । आधा रोपनी क्षेत्रमा निर्माण भइरहेको सूचना केन्द्रबाट आउने आन्तरिक तथा बाह्य पर्यटकको सुरक्षित पदयात्राका लागि सूचना प्रदान गरिने उहाँको भनाइ छ ।

"मुन्दुम पदमार्ग नेपालकै एक स्थापित पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ", उहाँले भन्नुभयो, "यो पदमार्गमा धेरैको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढेको छ । आउने पर्यटकलाई आवश्यक सूचना प्रदान गर्नका लागि प्रदेश सरकारसँगको सहकार्यमा पर्यटन सूचना केन्द्र निर्माण गरिरहेका छौँ।"

प्राकृतिकरूपमा सुन्दर रहेकाले पर्यटन र कृषिको विकासमा जुटेको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताउनुभयो । सूचना केन्द्रबाट पदमार्गको विषेशता, यसको भौगोलिक अवस्था, यात्राका क्रममा घुम्नुपर्ने स्थान, यात्रामा लाग्ने समय, आवासको व्यवस्थासँगै पर्यटकको सुरक्षित र सहज यात्राको विषयमा आवश्यक जानकारी प्रदान गरिने उपाध्यक्ष राईले बताउनुभयो। "यो पदमार्ग पूर्वको मुख्य पर्यटकीयस्थल हो" उहाँले भन्नुभयो, "पर्यटकको सुरक्षित र सहज यात्राका लागि सूचना प्रदान गर्न आवश्यक छ । अबका दिनमा पर्यटकलाई यो सूचना केन्द्रबाट आवश्यक जानकारी प्रदान गर्छौं । यसले यहाँको भ्रमणका लागि आउने पाहुनालाई सहजता थप्ने छ ।"

अग्ला हिमशृङ्खला, पहाडका अग्ला डाँडा, तराईका समथर फाँटको मनोरम दृश्यावलोकन गर्दै यहाँको प्राकृतिक सुन्दरताले मोहित पार्ने गर्दछ । यो पदमार्गलाई थप विकासका लागि हामीले योजनाबद्धरूपमा काम गरिरहेका छौँ ।"

यहाँका किरात राई, शेर्पा, तामाङलगायत जातजातिको पहिचान झल्कने परिकार, गोठवालाले उत्पादन गर्ने अर्ग्यानिक खानेकुरा, विभिन्न किसिमका वनस्पति, जडीबुटीलगायतको स्वाद लिन सकिन्छ। यो पदमार्ग नेपालका सबै हिमाललाई एकै ठाउँबाट हेर्न सकिने स्थान पनि हो ।

उकालो-ओरालो हुँदै फैलिएको उक्त पदमार्गको यात्राबाट चारपाटे, म्यारापिक, नुप्से, सगरमाथा, ल्होत्से, ल्होत्सेसार, पिक-३८, चाम्लाङ, मकालु, कञ्चनजङ्घा, कुम्भकर्णलगायतका दुई दर्जनभन्दा बढी सुन्दर हिमशृङ्खला हेर्न सकिन्छ । किरात राईहरूको संस्कृतिसँग जोडिएकाले यो

यो पदमार्ग भोजपुर र खोटाङको सिमना तावाभञ्याङ-चखेवा भञ्याङ-धोद्रे-हाँस पोखरी-तारा खसको-बलौटे भञ्याङ-लौरी भञ्याङ-निकास माने हुँदै भोजपुरको सबैभन्दा अग्लो चुचुरो सिलिचुङ डाँडामा पुगेर एकराते-पखुवा भञ्याङ-बाघखोर-सुन्तले-बाघखोर हुँदै भोजपुर नगरपालिका-१० भैँसीपङ्खाको साम्पाङ चोकमा आएर टुङगिन्छ । यो मुन्दुम पदमार्गले यहाँका वन्यजन्तुको आरक्षण क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना बोकेकाले यहाँको पर्यटन व्यवसाय फस्टाउने सम्भावना रहेको पर्यटनको क्षेत्रका विज्ञहरूको भनाइ छ ।

# हरितालिका (तीज) को .......

संस्कृत भाषाका 'हरित' र 'आलिका' दुईवटा शब्द मिलेर हरितालिका शब्द बनेको छ । जसमा 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ । सत्ययुगमा यसै दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले यसको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वासका साथ महिलाहरूले तीज पर्व मनाउँदै आएका छन् ।

नेपाली महिलाहरूले देवादिदेव महादेवको पूजा आराधना गरी तीज पर्व मनाएका छन् । भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा पारिवारिक सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ ।

यस्तै, तीज पर्वका दिन भिडभाड रहने तनहुँको सदरमुकाम दमौली बजार यस वर्ष भने खाँसै चहलपहल देखिएन । तीजका अवसरमा दमौली तथा आरपासलका क्षेत्रमा तीज विशेष कुनैपनि कार्यक्रम पनि सञ्चालन गरिएका थिएनन् ।

व्यास नगरपालिकाको छिमेकी पालिका बन्दिपुर गाउँपालिका-१ डुम्रे बजारमा र म्याग्दे गाउँपालिकामा ठूलो धनराशीको पुरस्कार सहित तीज गीत प्रतियोगिता गरिएको थियो। यस्तै, जिल्लाका अन्य पालिकाहरूमा पनि विविध कार्यक्रम गरी तीज पर्व मनाइएको छ । दमौली बजारमा भने यस वर्ष तीज पर्वको कुनै रौनकता देखिएन ।

# लागूऔषध दुर्व्यसन .........

आँबुखैरेनीका प्रहरी निरीक्षक युवराज सलामी मगरले लागू औषधको कारोबार ब्यापाक हुने गरेको चेकजाँचका क्रममा ठुलो परिणामका लागू औषध बरामत हुने गरेको बताउँदै हिरासतमा रहेका दुर्व्यसनिहरू उक्त जोखिमयुक्त क्रियाकलापमा पटक पटक सक्रिय भैरहने प्रवृत्तिले व्याक्ति, परिवार, समाजले हैरानी खेप्नुपरेको हुँदा उनिहरूको जीवन रूपान्तरणमा देखिएको चुनौतीका विषयमा जानकारी गराए ।

कार्यक्रममा आँबुखैरेनी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. धन बहादुर क्षत्रीले दुर्ब्यसनिमा देखिने शारीरिक, सामाजिक, मनोसामाजिक समस्या पहिचान गरी परामर्शको सहायताले राहत दिन सकिने बताए ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# संविधान संशोधनतिर भन्दा यसको ...........

जान्छ भन्ने मलाई लाग्छ ।

**संविधानको प्रभावकारी कार्यान्वयनमा त यहाँले जोड दिनुभयो । संविधान निर्माणका समयमा असन्तुष्ट रहेका पक्षका सवाल र अहिले कार्यान्वयनमा देखिएका अनुभवका आधारमा संविधान संशोधनको गृहकार्य गर्न जरूरी ठान्नुहुन्छ ?**

अन्य मुलुकको अनुभवका आधारमा हेर्दा जनताको जीवनमा प्रगति ल्याउन कुरामा भन्दा काममा लाग्नुपर्ने हो । हामीले कामबाट परिणाम निकाल्ने हो । परिणामले जुन गति दियो, त्यसको आधारमा नीतिगत निर्णय र समीक्षा गरेर अघि बढ्नुपर्ने हो । यहाँ सोचाइ र व्यवहारमा केही समस्या देखिन्छ । हाम्रोमा काममा जाने भन्दा नि कुरै-कुरामा जाने जस्तो देखिएको छ। संविधान आएपछि कति कार्यान्वयनमा गयो ? कस्तो जनशक्ति प्रयोग गरियो ? यथार्थमा गरेर हेर्ने कुरामा कमजोरी छ । मेरो विचारमा यसलाई प्रभावकारी कार्यान्वयनमै जोड दिनुपर्छ। सुरूमा संघीयतामा जान हुँदैन, एकात्मक व्यवस्था नै ठीक छ भनेर आवाज उठाउने पनि देखिएको हो । हिजो संविधान निर्माणको समयमा पनि अनेक कुरा उठेको थियो । अहिले सात प्रदेश पाल्न कठिनाइ भयो भनेर राजनीतिकरूपमा आइरहेको छ । तर व्यवहारमा कार्यान्वयन प्रभावकारी हुनसकेको छैन । प्रभावकारी कार्यान्वयनमा ध्यान दिने हो भने अझै पनि समस्या छैन । त्यसकारण अहिले संविधान संशोधन गर्नुपर्ने कुरा मनोगत छ, वस्तुगत छैन ।

**निर्वाचन प्रणाली खर्चिलो भएको र कुनै पनि दलले बहुमत ल्याउन नसक्ने मिश्रित प्रकारको हुँदा राजनीतिक अस्थिरताका समस्या देखिएको छ । निर्वाचन प्रणालीबारे पुनः विचार गर्ने समय भएन र ?**

मुलुकमा पछाडि परेका जातजाति, समुदाय, वर्ग, क्षेत्र, लिङ्गलाई अहिलेकै निर्वाचन प्रणालीले समेटेको छ। यो हिसाबले पनि सोच्न जरूरी छ । तर यो निर्वाचन प्रणालीले सरकार बनाउन असहज पनि भएको छ । यसलाई मिलाएर सहज के हुनसक्छ भनेर सोच्न जरूरी छ । यथार्थमा ती वर्ग र समुदायलाई समानुपातिक निर्वाचन प्रणालीले सहयोग गरेको छ । त्यसकारण म फेरि पनि भन्छु, अहिले संविधानको प्रभावकारी कार्यान्वयन गरेर नै जानुपर्छ । हतारमा निर्णय गरेर संशोधनमा लाग्नु आवश्यक हुँदैन ।

**अन्यत्यमा, संविधान दिवसमा अवसरमा नेपाली जनतालाई के सन्देश दिन चाहानुहुन्छ ?**

नेपाली जनताले यो संविधान बनाउनका लागि ठूलो त्याग, तपस्या र बलिदान गरेका छन् । संविधान जारी भएपछि राष्ट्रका सामु जुन जिम्मेवारी आएका छन् । त्यो पूरा गर्ने अभिभारा हामीमा छ । खासगरी, कार्यान्वयन गर्ने निकाय थप जिम्मेवार हुनु जरूरी छ । यो संविधानलाई कार्यान्वयनमा लगेर जनताको जीवनमा रूपान्तरण गर्न जरूरी छ । जनताले समामाजिक न्याय र आर्थिक रूपान्तरण खोजेका छन् । जनताको दैनिक जीवनका हरेक क्षेत्रमा यो संविधानमार्फत केही पाउँदैछौँ भन्ने बुझाउनका लागि संविधानलाई कार्यान्वयन गर्नुपर्छ । राष्ट्रियता र भौगोलिक अखण्डतालाई बलियो बनाउन लाग्नुपर्छ । अहिले विभिन्न ढंगबाट फैलाउन खोजेको साम्प्रदायिक सो र विचारलाई निस्तेज गर्नुपर्छ । राष्ट्रिय एकता, राष्ट्रिय भावना र सामाजिक सद्भावलाई संरक्षण गर्दै यसको विकास गर्न जननिर्वाचित पदाधिकारी र राजनीतिक दलले जिम्मेवारी निर्वाह गर्नुपर्छ । त्यो नै संविधानको दिवसको सार्थकता हो । म यस दिवसका अवसरमा स्वदेश र विदेशमा रहेका सम्पूर्ण दाजुभाइ दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# प्रसारण लाइन निर्माणमा देखिएका समस्या सम्बोधन गर्ने सरकारको तयारी

**रमेश लम्साल**/काठमाडौं

जलविद्युत् आयोजना निर्माण गर्नुभन्दा बढी समस्या उत्पादित बिजुली राष्ट्रिय प्रणालीमा जोड्नका लागि हुने गरेको छ । अधिकांश प्रसारण लाइनका आयोजना रूग्ण अवस्थामा छन् । कतिपय आयोजना सम्पन्न गर्न १३ वर्षसम्म लागेको छ। भरतपुर-बर्दघाट प्रसारण लाइन त्यसैको एउटा उदाहरण हो । माथिल्लो तामाकोशीलगायतका आयोजनाबाट उत्पादित बिजुली काठमाडौं उपत्यकामा ल्याउनका लागि महत्वपूर्ण मानिएको बाह्रबिसे काठमाडौं प्रसारण लाइन निर्माणमा पनि त्यस्तै समस्या छ । प्रसारण लाइनको मार्गक्षेत्रमा पर्ने जग्गाको मुआब्जाका विषयमा सबैभन्दा बढी समस्या पर्ने गरेको छ। यस्तै प्रसारण लाइनको टावर रहने जग्गामा पनि उत्तिकै समस्या छ। जतातत समस्यामा मात्रै फसेको प्रसारण आयोजनाका लागि सरकारले अब दीर्घकालीन हिसाबले निर्णय गर्ने तयारी गरेको छ ।

उत्पादनलाई मात्रै जोड दिएर नहुने र प्रसारण लाइन निर्माणमा पनि उत्तिकै ध्यान दिनुपर्ने आवश्यकता देखिएको भन्दै ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देव संयोजकत्वको कार्यदलले तयार पारेको 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना २०८०' मा प्रसारण लाइन निर्माणमा देखिएका समस्या समाधानका लागि विशेष व्यवस्था गरिनुपर्ने प्रावधानको प्रस्ताव गरिएको छ। नदी करिडोरमा उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने र त्यसैमार्फत हब स्टेसन निर्माण गरी प्रसारण गर्नुपर्ने सो कार्यदलको सुझाव छ । प्रतिवेदन आइतबार मात्रै ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतलाई बुझाइएको छ ।

नदी किनारहरूमा माकुराका जाला जस्ता प्रसारण लाइन बनाउने कामलाई रोकेर उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने र एकपटक मात्रै आयोजना प्रभावितको माग सम्बोधन गर्ने गरी तयारी गरिएको छ । आयोजना प्रभावितले आफ्नो जमिनको भोगाधिकार समेत नपाउने, बैंक तथा वित्तीय संस्थाले प्रसारण लाइन मुनीका जग्गा धितोमा समेत नराख्ने भएपछि धेरै स्थानमा समस्या देखिएको छ । कतिपय त जग्गा भएर पनि सुकुम्बासी नै बन्नुपर्ने अवस्था सिर्जना भएको छ ।

प्रसारण लाइनका लागि एउटा टावर निर्माण गर्नु उटा आयोजना निर्माण गर्नु जस्तो हुने अवस्था



बनेको छ । वातावरणीय दृष्टिले पनि नदी करिडोरमा प्रसारण लाइनको जालो बनाउन नहुने निष्कर्षमा सरकार पुगेको छ । हब स्टेसनहरू बनाएर उच्च क्षमताका प्रसारण लाइन बनाउने, स्थानीय प्रभावितलाई राज्यका तर्फबाट शेयर दिने वा अन्य उपयुक्त विकल्पको खोजी गर्नुपर्नेमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री बस्नेत पनि सहमत देखिनुहुन्छ ।

उहाँ प्रसारण लाइन निर्माणमा देखिएको नीतिगत, कानुनी र व्यवहारिक पक्षलाई समाधानका लागि एउटा 'ब्रेक थ्रू' नै आवश्यक भइसकेको बताउनुहुन्छ । परम्परागत तवरले अब कुनै पनि नदी करिडोरमा प्रसारण लाइन निर्माण गर्न नसकिने अवस्थाको सिर्जना भइसकेको छ । "प्रणालीमा झण्डै तीन हजार मेगावाट बराबरको बिजुली जोडिदा त यस्तो विकराल अवस्था छ । सन् २०३५ सम्म २८ हजार सात सय १३ मेगावाट बराबरको बिजुली उत्पादन गर्ने अवस्था आउँदा झन् स्थिती कस्तो होला ?", मन्त्री बस्नेतले भन्नुभयो, "त्यसका लागि सरकारले प्रसारण लाइन निर्माणमा अब नयाँ सोच अगाडि ल्याउने तयारी गरेको छ ।"

वन क्षेत्रको जग्गा प्रयोगमा उस्तै समस्या छ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीमा नै समस्या देखिएको छ। त्यसलाई वस्तुनिष्ठ बनाउने सरकारको योजना छ । हचुवाका भरमा त्यस्ता प्रतिवेदन बनाउने गरिएको भन्दै आयोजना प्रभावितले सरकारी प्रस्ताव समेत अस्वीकार गर्ने गरेका छन् । काठमाडौंको नाङ्लेभारेको बोजिनीमा स्थानीयले सवस्टेशन निर्माणमा गरेको अवरोध त्यसैको अर्को उदाहरण हो ।

मन्त्री बस्नेतले प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि आवश्यक तयारी गर्न समेत मन्त्रालयका उच्च अधिकारीलाई निर्देशन दिनुभएको छ । "प्रसारण लाइन निर्माणमा समस्या भयो भनेर बसेर मात्रै भएन, अब नीतिगत र व्यवहारिक दुवै पक्षबाट यो समस्या समाधानमा केन्द्रित हुनुपर्छ । ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजनामा समेत यसलाई समावेश गरिएको छ । अब यही कार्यदलले नै यसको समेत आवश्यक तयारी गरोस्", उहाँले भन्नुभयो ।

सरकारले सन् २०३५ सम्म आन्तरिक बिजुलीको माग १३ हजार चार सय ६८ मेगावाट बराबर पुग्ने लक्ष्य प्रक्षेपण गरेको छ । सो अवधिमा भारत, बंगलादेश लगायतका देशमा १५ हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्य राखेको छ । यस आधारमा पनि प्रसारण लाइन र सवस्टेशन निर्माणलाई उत्तिकै प्राथमिकतामा राख्नु आवश्यक भइसकेको छ ।

नेपाल विद्युत् प्राधिकरणका उपककार्यकारी निर्देशक प्रदीपकुमार थिकेका अनुसार जलविद्युत् आयोजना निर्माणमा साधन र स्रोत सहजरूपमा उपलब्ध हुने अवस्था आएपनि प्रसारण लाइन निर्माण नै प्रमुख 'बोटल नेक' भएकाले त्यसलाई अब पूर्णरूपमा सम्बोधन गरिनु पर्दछ । ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजनाले अरू विषयमा स्पष्ट पारेपनि प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि नयाँ सोचको जरूरी रहेको निष्कर्ष निकालेको जानकारी दिँदै उहाँले वन क्षेत्रको जग्गा प्रयोग, जग्गा प्राप्ति जस्ता समस्या समाधानका लागि अन्तर सरकारी निकायबीचको समन्वय तथा सहकार्य पनि उत्तिकै आवश्यक रहेको बताउनुभयो ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवम् कार्यदलका संयोजक देवले नेपालको आर्थिक वृद्धिको लक्ष्यअनुसार बिजुली उत्पादनको लक्ष्य निर्धारण गरिएको भएपनि प्रसारण लाइन निर्माणमा देखिँदै आएको समस्या समाधानका लागि नयाँ सोच आवश्यक रहेको बताउनुभयो ।

विशेष गरी ठूला आयोजनामा समेत स्वदेशी तथा विदेशी स्रोत ल्याउन सकिने अवस्थाको सिर्जना भएको यस क्षेत्रका जानकारहरूको भनाइ छ । भारत सरकारले आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली खरिद गर्ने सहमति जनाइसकेको छ । बंगलादेशले पनि पाँच हजार मेगावाट बराबरको बिजुली लैजान तयार भइसकेको छ । यसले बजार समेत सुनिश्चित भएको देखिन्छ । तर, प्रसारण लाइन निर्माण र सवस्टेशनहरूको क्षमता विस्तारमा सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ । रासस

# १०३ प्रतिजैविक औषधी प्रयोग नगर्न विभागको निर्देशन

**रासस**/काठमाडौं

सरकारले १०३ प्रकारका प्रतिजैविक प्रतिरोध (एन्टीबायोटिक) औषधिको प्रयोग नगर्न उपभोक्ता र सरोकारवालालाई निर्देशन दिएको छ । औषधी व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले प्रतिजैविक प्रतिरोध औषधीको प्रयोगलाई न्यूनिकरण गर्न र रोकथाम तथा नियन्त्रण गर्नका लागि प्रयोगमा नल्याउन निर्देशन दिएको बताउनुभयो । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले पनि ती औषधीको प्रयोगका लागि सिफारिस गरेको छैन। उहाँले ती प्रतिजैविक औषधीको प्रयोग गर्न औचित्य नभएको समेत बताउनुभयो । "डलब्युएचओले प्रयोगमा नल्याउने भनेर एक सय तीन प्रकारका प्रतिजैविक औषधीको सूची प्रकाशन गरेको छ", उहाँले भन्नुभयो, "ती औषधी न दर्ता गर्छौ न प्रयोगका लागि अनुमति नै दिन्छौ।" उहाँका अनुसार एक सय तीनमध्ये १३ प्रकारका प्रतिजैविक प्रतिरोध औषधी भने दर्ता गरिएका छन् ।

विभागले त्यस्ता प्रतिजैविक प्रतिरोधको विश्वव्यापी कार्ययोजनासँग मेल खाने गरी एक स्वास्थ्य अवधारणा अनुरूप प्रतिजैविक प्रतिरोधबाट हुने विरामी दर, मृत्यु दर र आर्थिक असरलाई प्रभावकारी रूपले कम गर्न राष्ट्रिय कार्ययोजना तयार पारी स्वीकृतको




अन्तिम चरणमा रहेको जनाएको छ । महानिर्देशक ढकालले प्रतिजैविक प्रतिरोधलाई न्यूनिकरण गर्न, तथ्यमा आधारित उपचार प्रणाली र समुचित प्रयोगलाई बढावा दिने उद्देश्य हासिल गर्न औषधी सल्लाहकार समितिको सफारिसमा ती औषधीको दर्ता, नवीकरण र पैठारी र प्रयोग नगर्न/नगराउन निर्देशन दिएको बताउनुभयो ।

विभागमा दर्ता भएका र नभएका तथा डब्लुएचओबाट सिफारिस नगरिएका प्रतिजैविक औषधीको समिश्रणहरू र सो औषधीको समिश्रण उत्पादन कार्य गर्ने प्रयोजनार्थ कच्चा पदार्थको थप नयाँ/दर्ता, थप/नयाँ पैठारी दर्ता र पैठारी सिफारिस प्रमाणपत्र नगर्ने, विभागमा दर्ता भएका त्यस्ता प्रतिजैविक औषधीको समिश्रणको उत्पादन अनुज्ञापत्र, बजार विक्री वितरण प्रमाणपत्र, पैठारीदर्ता प्रमाणपत्र, पैठारी सिफारिस पत्र नवीकरण नगर्ने निर्णय गरिएको छ ।

विभागमा दर्ता भएका त्यस्ता प्रकारका प्रतिजैविक औषधीको कच्चा पदार्थ तथा प्राइमरी र सेकेण्डरी प्याकिङ सामग्री मौज्दात विभागमा पेश गर्ने र निर्णय मितिबाट लागू हुने गरी स्वदेशी उद्योगले त्यस्ता प्रकारका औषधीको थप उत्पादन नगर्ने र आयातकर्ताले पनि सो औषधीको थप आयात कार्य नगर्न अनुरोध गरिएको छ ।

यस्तै विभागमा दर्ता भएका १३ प्रकारका प्रतिजैविक औषधी मौज्दात रहेका अवस्थामा भने छ महिनासम्म मात्र विक्रीवितरण गर्न दिने विभागका महानिर्देशक ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार हाल बजारमा उत्पादन भई वा आयात भई उपलब्ध रहेका वा उत्पादनको चरणमा रहेका सिफारिस नगरिएका प्रतिजैविक औषधी एवम समिश्रणको हकमा निर्णय भएको मिति अर्थात यहि भदौ १८ गतेदेखि बढीमा छ महिनासम्म मात्र बजारमा उपलब्ध रहने गरी व्यवस्था मिलाउने निर्णय गरिएको छ ।

## facebook twitter



**Baburam Bhattarai**
twitter.com/brb1954

राष्ट्रिय विज्ञान दिवस (असोज १)को उपलक्ष्यमा सबैमा हार्दिक शुभकामना ! वैज्ञानिक ध्येय र कर्ममा समर्पित सबै वैज्ञानिकहरूमा उच्च सम्मान! मेरो प्रमकालमा भएका महत्वपूर्ण कामहरूमध्ये यसलाई म सधैं सम्झन चाहन्छु ! परन्तु विडम्वनावश यो दिनको महत्वलाई राज्यले त्यही उचाइमा ग्रहण गर्न नसक्नु, विज्ञान प्रविधिलाई प्रवर्द्धन गर्न नसक्नु, आम जनसमुदायमा वैज्ञानिक चेत सट्टा उल्टै अवैज्ञानिक मान्यता/अन्धविश्वास/रूढिवादको विषारोपण गर्नु ठूलो चिन्ताको विषय भएको छ! सबै गम्भीर बनौं !



**Nirmal Prasai**
twitter.com/NirmalPrasai5

नीति त्यै सुन तस्करी छ, रणनीति त्यै आत्मसमर्पणवादी छ, कार्यनीति त्यै लम्पसारवादी छ, अडान अस्थिरता छ, विचार आयातित छ, नेता उहीँ दुइ नम्बरी छन्, नाम परिवर्तन गरेर के हुन्छ !? अब समय सकियो ।

# विविध कार्यक्रम गरी तीन दिनसम्म संविधान दिवस मनाइने

**भञ्ज्याङ समाचारदाता**/दमौली

संविधान दिवसका अवसरमा तनहुँमा विविध कार्यक्रम गरिने भएको छ । संविधान दिवस मनाउने सन्दर्भमा सोमबार बसेको बैठकले जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेको संयोजकत्वमा विभिन्न कार्यक्रम गरी असोज २, ३ र ४ गते संविधान दिवस मनाउने निर्णय गरेको हो ।

संविधान दिवसको अवसरमा जिल्ला स्थित सबै सरकारी कार्यालय, शैक्षिक संघ संस्था, सार्वजानिक निकायहरूले राष्ट्रिय झण्डा र व्यानरको सजावट र कार्यलय परिसरको सरसफाई गर्ने, जिल्ला भित्रका सबै धार्मिक स्थल तथा सम्पदाहरूको सम्बन्धित स्थानीय तहको संयोजनमा सरसफाई गर्ने, जिल्ला स्थित सबै सरकारी कार्यालय, शैक्षिक संघ संस्था, सार्वजानिक निकायहरूमा असोज २, ३ र ४ गते साँझ दिपावली गर्ने र असोज ३ गते जिल्लाका सबै सर्वसाधरणले घर घरमा दिपावली गर्ने निर्णय भएको छ ।

जिल्ला स्थित छापा तथा विद्युतीय सञ्चार माध्यममा संविधानको महत्वको सम्बन्धी लेख, रचनाहरू प्रकाशित गर्ने तथा जिल्ला स्थित धार्मिक संस्था तथा मठ मन्दिरमा विहानको प्रार्थनाको समयमा राष्ट्रियता, लोकतन्त्र र संविधानको पक्षमा ज्यानको उत्सर्ग गर्ने विर शहिदहरूको सम्झनामा श्रद्धान्जली अर्पण गर्ने तथा जिल्ला शिक्षा विकास तथा समन्वय इकाईको संयोजनमा नेपालको संविधान विषयमा जिल्ला स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गर्ने निर्णय भएको छ ।

त्यसैगरि असोज २ गते बिहान दमौली बजार सरसफाई गर्ने तथा असोज ३ गते बिहान ७.३० बजे सबै संघ संस्था, सरकारी निकाय, गैर सरकारी संघ संस्था, सुरक्षा निकाय, आमा समुह, जातीय संघ संस्था, युवा क्लव, राजनीतिक दल लगायत सबैको सहभागितामा दमौलीमा प्रभातफेरी आयोजना गर्ने निर्णय भएको छ । साथै प्रभातफेरी पश्चात व्यास-३ को अस्पताल रोडमा बुधबारे हाटबजार उद्घाटन गर्ने र प्रवचन कार्यक्रम समेत गर्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत ऋषिराम सुवेदीले जानकारी दिए।

# पृथ्वी राजमार्गको नौबिसे-मलेखु सडक राति बन्द हुने

**रासस**/मलेखु

पृथ्वी राजमार्गअन्तर्गत धादिङको नौबिसे-मलेखु सडकखण्ड असोज ४ गतेदेखि राति बन्द हुने भएको छ । सिम्लेदेखि मलेखु सडकखण्ड चौडा बनाउन पहरा कटान गर्नुपर्ने भएका कारण राति सो खण्डमा सवारी आवागमन बन्द गर्न लागिएको हो । असोज ४ गतेदेखि २० गतेसम्म राति ११ बजेदेखि ३ बजेसम्म चार घण्टा खयरघारी र पोखरेखोला नजिक सवारी आवागमन रोकेर काम गर्न लागिएको धादिङका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेले जानकारी दिनुभयो ।

सोमबार बसेको सरोकारवालाहरूको बैठकले रातिको समयमा एम्बुलेन्स र सुरक्षाकर्मीको सवारीबाहेक अन्य सवारीसाधन पूर्णरूपमा बन्द गरिने निर्णय गरेको छ । सवारी बन्द गरेर काम गर्दा यात्रुलाई समस्या हुने भएकाले दिउँसो मात्र यात्रा गर्न अनुरोध गरिएको छ ।

निर्माण कार्यस्थल नजिक हुने सक्ने सम्भावित सवारी चापलाई मध्यनजर गरी राजमार्गका उपयुक्त स्थानमा सवारीसाधन रोकी व्यवस्थापन गर्न पनि अनुरोध गरिने प्रमुख जिल्ला अधिकारी गैरेले जानकारी दनुभयो । उहाँले सम्बन्धित आयोजनाका तर्फबाट सबै पक्षलाई सूचित गर्न राष्ट्रिय दैनिक तथा अन्य सञ्चार माध्यमबाट सूचना प्रवाह गर्न र छिमेकी जिल्लासँग पनि समन्वय गरी यात्रुले दुःख नपाउने गरी काम गर्न निर्देशन दिनुभएको छ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४